प्रदेश सरकार

लुम्बिनी प्रदेश

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मुकामः बुटवल, नेपाल

## सहकारी संघ/संस्थामा सञ्चालक समितीको गठन सम्वन्धमा ।

(प्रथम पटक सूचना प्रकाशित मिति :२०७७/११/०५)

प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा ३७ मा सञ्चालक समितिको गठन सम्वन्धमा तपसिल अनुसारको व्यवस्था भएकोमा हालसम्म पनि केही सहकारी संस्थाहरुले उक्त व्यवस्थाको कार्यान्वयन नगरेको पाइएकोले उक्त व्यवस्था कार्यान्वयन गर्न यस प्रदेशमा रहेका सम्पुर्ण सहकारी संस्थालाई अनुरोध गरिन्छ । कुनै सहकारी संस्थाले सहकारी ऐन तथा नियमावलीको पालना नगरेको पाईएमा सहकारी ऐन, २०७४ को दफा १२४ अनुसारको सजाय हुने व्यवस्था जानकारी गराईन्छ ।

तपसिलः

(१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ । तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा एक जना पदाधिकारी सहित तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ । तर, महिला सदस्यको प्रतिनिधित्व वा साधारण सदस्य नरहेको अवस्थामा उपदफा (२) लागु हुने छैन ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुनसक्ने छैन ।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन । तर, वार्षिक दुई करोड रुपैयाँ भन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले सञ्चालक वा कर्मचारीको पदमध्ये कुनै एक पद त्याग गर्नुपर्नेछ ।

(५) कुनै व्यक्ति एकै समयमा एक तहको एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकै तहको एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

(८) संघीय संसद, प्रदेश सभा, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, नगरपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष, गाउँपालिकाका प्रमुख/उपप्रमुख/ वडाध्यक्ष पदमा वहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति र लेखा समितिको कार्यकारी पदमा रहन पाउने छैन

(९) "कार्यकारी पद धारण गरेका संघीय संसद, प्रदेश सभा, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख,नगरपालिकाकाप्रमुख/उपप्रमुख/वडाध्यक्ष,गाउँपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष पदमा बहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिको कार्यकारी पदमा निर्वाचित वा मनोनीत भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र आफ्नो पदबाट राजीनामा दिनु पर्नेछ ।

(१०) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित तिनै तहका सरकारको निकायमा कार्यरत कुनै पनि राष्ट्र सेवक कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनीत भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ ।

(११) समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नु पर्नेछ र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल

## सहकारी संघ/संस्थाहरुलाई निर्देशन सम्वन्धमा ।

(प्रथम पटक सूचना प्रकाशित मिति :२०७७/११/०५)

प्रदेश नं. ५ सहकारी ऐन, २०७६ अनुसार प्रदेश कार्यक्षेत्र (दुई भन्दा पालिकामा कार्यक्षेत्र) भएका सहकारी संघ/संस्थाले तपसिल अनुसारको निर्देशन कार्यान्वयन गर्न यो सूचना जारी गरिएको छ। कुनै सहकारी संस्थाले सहकारी ऐन तथा नियमावलीको पालना गरेको नपाईएमा सहकारी ऐन, २०७४ को दफा १२४ अनुसारको सजाय हुने व्यवस्था जानकारी गराईन्छ ।

निर्देशनः

(१) कुनै व्यक्ति एकै प्रकृतिका एक स्थानिय तहका एकभन्दा बढी संस्थांको सदस्य हुन पाउने छैन भन्ने सहकारी ऐनको व्यवस्थालाई कार्यान्वयन गर्ने ।

(२) साधारण सभाको प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदनको सक्कलप्रति सूचनाको मितिले ७ (सात) दिनभित्र मन्त्रालयमा पेश गर्ने।

(३) सहकारीको प्रकृती, विनियममा उल्लेखित उद्देश्य र कार्य बमोजिम सहकारी संस्था सञ्चालन गर्ने ।

(४) सेवा केन्द्रको अनुमति नलिई सञ्चालन गरेको भए तत्काल बन्द गर्ने ।

(५) प्रदेश नं. ५ सहकारी ऐन, २०७६ तथा नियमावली, २०७६ अनुसार विनियम संशोधन गरी सहकारी संस्था सञ्चालन गर्ने ।